
# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार




राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र (NHTC) तथा निक साईमन्स ईन्स्टिच्युट (NSI) को संयुक्त आयोजनामा तालिम सुचना व्यवस्थापन प्रणाली (TIMS) प्रणालीको सुदृढीकरण सम्वन्धी कार्यशाला गोष्ठी काठमाडौंमा संचालन भएको छ



पक्षघातको समस्या हुँदा समयमा नै उपचार गर्न पाए सुधार हुने सम्भावना अत्यधिक हुन्छ। लक्षण भएको ३ घण्टामा औषधि दिन पाए सुधारको सम्भावना धेरै हुन्छ।



लेखफांट स्वास्थ्य चौकी, पर्वतको आयोजनामा हरेक शुक्रबार नियमित सरसफाइ कार्यक्रम संचालन भैरहेको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




जलजला गाउपालिका वार्ड नम्बर -९, पर्बत अन्तर्गत बनौ स्वास्थ्य चौकिमा बिश्व स्तनपान सप्ताहको तेस्रो दिन "स्तनपानमा समानताः सबैको सहयोग र सहभागिता" महिला सामुदायिक स्वास्थ्य स्वमसेबिका र वडा बिकास सहजकर्तासग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।




घार स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा "स्तनपानमा समानता :सबैको सहयोग र सहभागिता" भन्ने नाराका साथ विश्व स्तनपान सप्ताह मनाईएको छ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुङ्गमा आ.व २०८१/०८२ को चौथो सुत्केरी भएको छ ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**



बरंजा स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा आ.ब. २०८१/०८२ को पहिलो चरणमा (श्रावण देखी असोज सम्म) १० देखी १९ वर्षका किशोरीहरुलाई आइरन फोलिक एसिड चक्की मंगला-३ स्थित विभिन्न विद्यालयहरुमा खुवाउन सुरु गरिएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा नसर्ने रोगका बिरामीको पहिचान र उपचारका लागि बिरामीको खोजपड्ताल अभियानका लागि बाग्लुङ्ग जिल्लामा समन्वयात्मक बैठक संचालन भएको छ। स्वास्थ्य कार्यालय र स्थानीय तहसँगको समन्वयमा नसर्ने रोगको पहिचान तथा उपचार अभियान सञ्चालन गरिने छ। चालु आर्थिक वर्षमा अभियान सञ्चालन गर्न स्वास्थ्य कार्यालय, बागलुङले समन्वय तथा अभिमुखीकरणका काम सुरु गरेको छ। पहिलो चरणमा ६ स्थानीय तहका प्रमुख तथा स्वास्थ्य शाखा प्रमुखहरुकालागि नसर्ने रोगको स्क्रिनिङ सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया गलकोटमा सम्पन्न भएको छ। अभियानमा ४० वर्ष माथिका नागरिकमा रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, मृगौला जाँचको लागि प्रयोगशाला परीक्षणमार्फत् समुदायमा जाँच्ने र रोग पत्ता लगाउने कार्यक्रम संचालन हुनेछ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



सरसफाई कार्यक्रम @ शहरि स्वास्थ केन्द्र, शिल्मी, पर्बत




ग्रामिण स्वास्थ्य सुधार परियोजनाबाट गलकोट नगर अस्पताल, बाग्लुङ्गमा रहेको वर्थिङ सेन्टरको स्तरोन्नतीका लागी वेवि वार्मर मेसीन हस्तान्तरण गरीएको छ।





"नियमित खोप सङ्गै सरसफाई प्रवर्द्धन कार्यक्रम र "स्तनपानमा समानता सबैको सहयोग र सहभागिता" भन्ने मुल नारा सहित विश्व स्तनपान सप्ताह-२०२४ नौटुवा खोप क्लिनिक, बाग्लुङ्गमा सम्पन्न भएको छ।




"स्तनपान मा समानताः सबैको सहयोग र सहभागिता "भन्ने मूल नाराका साथ स्तनपान सप्ताहको चौथो दिन लेखफांट स्वास्थ्य चौकी, पर्वतमा सामुदायिक महिला स्वास्थ्य स्वयं सेबिकाको उपस्थितिमा स्तनपान सम्बन्धी ज्ञान र जानकारी आदान प्रदान गर्ने र समुदायमा पनि कार्यक्रम सञ्चालन गर्ने सल्लाहको साथ चौथो दिनको कार्यक्रम सम्पन्न भएको छ।



बिश्व स्तनपान सप्ताह २०२४ “स्तनपानमा समानता : सबैको सहयोग र सहभागीता“ पूर्ण स्तनपान संगसंगै थप आहारा र बाल भीटा खुवाऔं।



पाङराङ स्वास्थ्य चौकी, पर्बतको आयोजनामा नियमित खोप सेवामार्फत सरसफाई प्रबर्द्धन कार्यक्रम संगै ० देखी २३ महीनासम्मका बालबालिकाहरुको बृद्धि अनुगमन कार्यक्रम सम्पन्न भएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार




मल्लाज स्वास्थ्य चौकि, पर्बतको आयोजनामा श्री अमृत प्याराडाइज एकेडेमी र श्री विद्याज्याती माध्यमिक बिधालयमा किशोरिहरुलाई आइरन फोलिक एसिड बितरण कार्यक्रम संचालन भएको छ।




"स्तनपान मा समानताः सबैको सहयोग र सहभागिता "भन्ने मूल नाराका साथ स्तनपान सप्ताहको चौथो दिन मल्लाज स्वास्थ्य चौकीबाट राधाकृष्ण स्वास्थ आमासमुह साथै स्वयं सेबिकाहरुको उपस्थितिमा स्तनपान सम्बन्धी ज्ञान र जानकारी आदान प्रदान गर्ने कार्यक्रमका साथ चौथो दिनको कार्यक्रम सम्पन्न भएको छ।






माछापुच्छ्रे गाउँपालिका, कास्कीको आयोजनामा भेडावारी प्राथमिक स्वास्थ्य सस्थाले सम्पादन गरेका स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेसन अर्थात dhis -2 र eTB मा देखापरेको फरक सम्बन्धी छलफल तथा नियमित अनुगमन कार्यक्रम  सम्पन्न भएको छ। छलफलका क्रममा व्यवस्थापन समिती र कर्मचारी बैठक नियमित हुनुपर्ने, पिउने पानी, विधुत, सन्चार, भलपानीको निकास, आवासको सरसफाई, सस्थागत प्रगतिका फ्लेक्स टास गर्ने, duty roster टास गर्ने, नियमानुसार आन्तरिक व्यवस्थापनमा जोड दिनु पर्ने, ecg / x-ray mechiine मर्मतमा व्यवस्थापन समितिले जोड दिनु पर्ने, स्वास्थ्य विमा सेवालाई थप प्रभावकारी सर्व सुलव बनाउन विरामिको चाहना र विमाले उपलब्ध गराउने, सबै प्रकारका औषधि उपलब्ध गराउनु पर्ने, विशेष गरि समग्रमा कर्मचारी, समुदाय, संघ सस्था, वडा, पालिका र व्यवस्थापन समितिले ध्यान दिनुपर्ने सुझाब दिईएको थियो।



# साप्ताहिक समाचारपत्रिका

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



ग्वास्लुङ्ग सामुदायिक स्वास्थ्य इकाई, तनहुँको आयोजनामा सुत्केरीपश्चातको नियमित रूपमा घरभेट कार्यक्रम सन्चालन गर्दै आइरहेको छ जसमा सातौ दिनको उत्तरप्रसुती जाचभेट गरिएको छ। सुत्केरी पश्चात् अपनाउनु पर्ने स्वस्थकर बानी व्यवहार र पोषणयुक्त खानपान आमा र नवशिशुमा देखा पर्न सक्ने खतराका चिन्हहरु साथै नवशिशुको स्याहारको बारेमा सुसुचित गरिएको छ।




गजुरे स्वास्थ्य चौकी, तनहुँको आयोअजनामा डेङ्गु रोग सम्वन्धि सचेतना कार्यक्रम व्यास ९ , माझफाँटमा संचालन भएको छ।



बेनी अस्पताल, म्याग्दीको आयोजनामा बिश्व स्तनपान सप्ताह २०२४ "स्तनपानमा समानता : सबैको सहयोग र सहभागीता" पूर्ण स्तनपान संगसंगै थप आहारा र बाल भीटाको महत्वका बारेमा अन्तरक्रिया कार्यक्रम संचालन भएको छ।



आ व २०८१/०८२ को पहिलो स्वास्थ्य चौकि व्यवस्थापन समितिको बैठक @ मुदी स्वास्थ्य चौकी, म्याग्दी



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार





स्वास्थ कार्यालय, पर्वतको आयोजनामा नियमित अनुगमन कार्यक्रम संचालन भैरहेको छ।



राम्जा देउराली स्वास्थ्य चौकी, पर्वतको आयोजनामा बिश्व स्तनपान सप्ताह २०२४ को अबसरमा श्री पशुपति मा.बि मा स्वास्थ्य शिक्षा तथा नियमित रुपमा किशोरीहरु लाई आईरन तथा फोलिक एसिड वितरण कार्यक्रम संचालन भएको छ।



लेते प्राथमिक स्वास्थ्य केन्द्र, मुस्ताङ्गको आयोजनामा बिदाई तथा फेरी भेटौला (पूनम पुनलाई बिदाई) कार्यक्रम संचालन भएको छ।



बनौ स्वास्थ्य चौकी, पर्वतको आयोजनामा "स्तनपानमा समनता : सबैको सहयोग र सहभागिता " मुल नारा बिश्व स्तनपान सप्ताहको पाचौ दिन पल्लाबारी स्वास्थ्य आमा समुहको अध्यक्ष देवि चोचाङिको अध्यक्षतामा कार्यक्रम सन्चालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार




पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान, कास्कीको आयोजनामा बिश्व स्तनपान सप्ताह २०२४ को अबसरमा बिबिध कार्यक्रम संचालन भएको छ।




साइबर ब्यूरोको अनुरोध -

----------------------

✅आफ्ना सामाजिक सञ्जाल खाताहरूको गोपनीयता सम्बन्धी सेटिङहरू [Settings and Privacy] आजै मिलाउनुहोस् ।

✅अति आवश्यक बाहेकका सामाजिक सञ्जाल खाताहरू Deactivate वा Delete गर्नुहोस् ।

✅2 Factor वा Multi Factor Authentication [Password + OTP] हुने गरी Settings मिलाउनुहोस् ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना, स्वास्थ्य कार्यालय, कास्कीको समन्वय र WHO गण्डकी PHEOC को सहयोगमा पालिका स्तरीय द्रुत प्रतिकार्य समिति (RRC) का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। पोखरा महानगरपालिका, कास्कीमा सम्पन्न भएको उक्त कार्यक्रममा SORMAS को बारेमा समेत जानकारी गराइएको थियो। कार्यक्रममा द्रुत प्रतिकार्य समितिका सदस्यहरु, उपमेयर, सूचना अधिकारी, महाशाखा प्रमुखहरू, महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाहरु, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य कार्यालय, कास्कीका प्रमुख राम बहादुर नेपाली र कार्यक्रम फोकल पर्सन याम बराल, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका कार्यक्रम फोकल पर्सन नवराज शर्मा, स्वास्थ्य शाखाका प्रतिनिधीहरु र WHO PHEOC गण्डकीका डाक्टर राजीव लालचनको उपस्थिति रहेको थियो। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा नवराज शर्मा, याम बराल, तेजाखर लम्साल र डाक्टर राजीव लालचनले प्रस्तुतिकरण गर्नुभएको थियो।


**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल




सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा प्रदेश विकास समस्या समाधान समितिमा पठाउनुपर्ने विषयवस्तु तयारीका सम्बन्धमा आ.व. २०८०/८१ को संक्षिप्त समीक्षा बैठक सञ्चालन भइरहेको छ। कार्यक्रम गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना, स्वास्थ्य कार्यालय, कास्कीको समन्वय र WHO गण्डकी PHEOC को सहयोगमा पालिका स्तरीय द्रुत प्रतिकार्य समिति (RRC) का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। रुपा गाउँपालिका, कास्कीमा सम्पन्न भएको उक्त कार्यक्रममा SORMAS को बारेमा समेत जानकारी गराइएको थियो। कार्यक्रममा द्रुत प्रतिकार्य समितिका सदस्यहरु, सूचना अधिकारी, शाखा प्रमुखहरू, महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाहरु, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य कार्यालय, कास्कीका प्रमुख राम बहादुर नेपाली र कार्यक्रम फोकल पर्सन याम बराल, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका कार्यक्रम फोकल पर्सन नवराज शर्मा, स्वास्थ्य शाखाका प्रतिनिधीहरु र WHO PHEOC गण्डकीका डाक्टर राजीव लालचनको उपस्थिति रहेको थियो। रुपा गाउँपालिकाका उपाध्यक्ष लालशुब्बा गुरुङको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा नवराज शर्मा, याम बराल, रामचन्द्र ओझा र डाक्टर राजीव लालचनले प्रस्तुतिकरण गर्नुभएको थियो। उक्त कार्यक्रममा पालिका भित्रका जोखिमका क्षेत्रहरुको नक्साङ्कन गरिएको थियो।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार



वृद्धि अनुगमन @ भोटेवोडार स्वास्थ्य चौकी, लमजुङ्ग






नर्जाखानि आधारभूत स्वास्थ्य सेवा केन्द्र, बाग्लुङ्गको आयोजनामा "स्तनपानमा समानता सबैको सहयोग र सहभागिता" भन्ने मुल नारा सहित विश्व स्तनपान सप्ताह-२०२४ मनाईएको छ।



नर्जाखानि आधारभूत स्वास्थ्य सेवा केन्द्र, बाग्लुङ्गको आयोजनामा नियमित खोप सङ्गै सरसफाई प्रवर्द्धन कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार










विश्व स्तनपान सप्ताह २०२४ को अबशरमा नियमित खोप सेवा मार्फत सरसफाई प्रबर्द्धन र बालबालिकाको वृद्धि अनुगमन कार्यक्रमसँगै स्तनपान सप्ताहको अवसरमा समुदाय र स्वास्थ्य संस्थामा स्तनपानसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। @ पर्बत



विश्व स्तनपान सप्ताह २०२४ को अबशरमा नियमित खोप सेवा मार्फत सरसफाई प्रबर्द्धन र बालबालिकाको वृद्धि अनुगमन कार्यक्रमसँगै स्तनपान सप्ताहको अवसरमा समुदाय र स्वास्थ्य संस्थामा स्तनपानसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। @ बिहादी गाउँपालिका, पर्बत

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार





गंगरे खोप केन्द्र, बाग्लुङ्गमा नियमित मासिक खोप कार्यक्रम सम्पन्न भएको छ।



दाना स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा किशोरावस्था सम्बन्धि बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ । अन्नपूर्ण गाउँपालिका ३ स्थित श्री ज्ञान प्रकाश मा.वि., कक्षा ५ र ६ मा अध्यनरत विद्यार्थीहरुलाई किशोरावस्थामा आउने परिवर्तन, महिनावारीको बेलामा सरसफाइ सम्बन्धी ब्यवहार र रक्तअल्पताबाट बच्ने उपायहरुको बारेमा १ दिने बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमका साथै आईरन फोलिक एसिड वितरण कार्यक्रमको पनि सुरुवात गरिएको छ।




सल्यान स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा विश्व स्तनपान सप्ताह १-७ अगस्ट २०२४ "स्तनपानमा समानता; सबैको सहयोग र सहभागिताका " भन्ने मुल नाराका साथ बरेङ गाउँपालिका वडा -४, सल्यान स्वास्थ्य चौकी, बाग्लुङ्गमा स्तनपानको महत्व तथा सरसफाई कार्यक्रम सम्पन्न भएको छ।



जिल्ला प्रहरी कार्यालय स्याङ्जा मातहत प्रहरी चौकी चिलाउनेबासको आयोजनामा घरेलु हिंसा विरूद्धको सचेतनामूलक कार्यक्रम आँधिखोला गाउँपालिका-२ भाटीबजार स्थितमा संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




आमाको दूध शिशुको लागि सबैभन्दा पोषिलो खाना हो। यो विश्व स्तनपान सप्ताह, शिशुहरुलाई स्तनपान गराउन सहज वतावरण बनाई आमाहरुलाई स्तनपान गराउन प्रोत्साहन गरौं।



ओखरबोट स्वास्थ्य चौकी, मालिका गाउँपालिका, म्याग्दीको आयोजनामा गत आ.व. २०८०/८१ को स्वास्थ्यका कार्यक्रमहरुको प्रगतीको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम मालिका गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष तथा स्वास्थ्य चौकी सन्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष भेजेन्द्रमान पुनको अध्यक्षता, स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक तेजिन्द्र रानाको अतिथ्यता, संस्था प्रमुख होम कुमारी पुनको सन्चालन, अ.न.मी. रसमाया पुनको स्वागत मन्तव्य, अ.हे.व. प्रमित दहितको प्रस्तुतीकरणमा कार्यक्रम सम्पन्न भएको थियो।




SBA तालिमको ५० औ समूह @ लमजुङ्ग अस्पताल



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा स्वास्थ्य कार्यालय, गोरखाको समन्वयमा गोरखा जिल्लामा अबस्थित जौबारी स्वास्थ्य चौकीको एकीकृत अनुगमन सम्पन्न भएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार








बनौ स्वास्थ्य चौकी, पर्वतको आयोजनामा मासिक सन्चालन हुने निलिदह गाउघर क्लिनिक महिला सामुदायिक स्वास्थ स्वमसेबिकाहरु को उपस्थितिमा सम्पन्न भएको छ।








# साप्ताहिक समाचारपत्रिका


अंक २०५, वर्ष ६, २०८१ श्रावण २७, August 11, 2024 आइतबार


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौं । दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**



**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

**सम्पादक**
नवराज शर्मा
वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback

